# माध्यमिक तहको नेपाली विषय शिक्षण सिकाइ प्रक्रिया

**[1]कृष्णराज ढकाल, [1]दावा शेर्पा, पीएच.डी., [2]सिर्जना घिमिरे**
[1]महेन्द्ररत्न क्याम्पस, [2]मङ्गल बहुमुखी क्याम्पस
[1]sherpadawa2023@gmail.com
**Received Date:** March 19, 2024; **Reviewed Date:** July 2, 2024;
**Accepted Date:** August 22, 2024

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेख माध्यमिक तहको नेपाली विषय शिक्षण सिकाइ प्रक्रियामा केन्द्रित छ । क्षेत्रीय विधिका माध्यमबाट शिक्षण सिकाइ प्रक्रियाका बारेमा सरोकारवाला विद्यार्थी र शिक्षकहरूलाई सुविधाजनक नमुना छनोट विधिबाट छनोट गरी अन्तरवार्ता तथा प्रश्नावलीमार्फततथ्य सङ्कलन गरिएको छ। प्राप्त सूचनाहरूलाई उपयुक्त शीर्षकमा वर्गीकरण गरी थिमेटिक विश्लेषण गरिएको छ। नेपाली भाषाशिक्षण सिकाइ प्रक्रिया प्रभावकारिता नहुनका कारणहरू विषयवस्तु प्रभावकारी ढङ्गमा प्रस्तुत नगर्नु, शैक्षिक सामग्री प्रयोगको अभावका कारण सिकाइप्रति विकर्षित भई विषयवस्तु अप्ठ्यारो हुनु, विद्यार्थीमा आत्मबल कमजोर हुनु, कक्षामा अनुपस्थित विद्यार्थीको सिकाइ उत्कृष्ट नहुनु, उपयुक्त शिक्षणविधि र शिक्षक तालिम नहुँदा सिकाइ प्रभावकारी नभई निष्प्रभावी हुन गई शिक्षणका उद्देश्यहरू पूरा नभएको निष्कर्षमा पुगिएको छ। शिक्षकले भाषिक खेल, अन्तर्क्रिया, छलफल, शिक्षणमा आधुनिक प्रविधि तथा उचित शैक्षिक सामग्रीको उपयोग, सबै विद्यार्थीहरूलाई समान सहभागिताको अवसर, प्रश्नोत्तर तथा आवश्यक पृष्ठपोषण प्रदान गरी विद्यार्थी केन्द्रित शिक्षणविधिको माध्यमद्वारा विद्यार्थीको सक्रियता बढाएर मात्र उनीहरूमा अन्तरनिहित क्षमताको प्रस्फुटन गरी ज्ञान, सिप र दक्षता वृद्धि भई शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बन्ने छ ।*

**शब्दकुञ्जी** : प्रभावकारिता, भाषाबोध, भाषिकसिप, माध्यमिक तह, शिक्षण सिकाइ

## विषयपरिचय

भाषा प्रयोगका सिपहरूको शिक्षणलाई भाषाशिक्षण भनिन्छ। भाषामा व्यक्त भएका कुराहरूलाई राम्रोसँग सुन्नु र बुझ्नु तथा सुनेका कुरालाई बुझेपछि उपयुक्त प्रक्रिया पुऱ्याई बोल्न र लिखित अभिव्यक्त गर्न जान्नुलाई भाषिक सिप मानिन्छ। कक्षामा शिक्षकले शिक्षण क्रियाकलाप गराइसकेपछि त्यसको छाप (गुण वा शक्ति) सिकारुमा प्रभावकारी ढङ्गमा पर्नुपर्ने मान्यता रहेको छ। विद्यार्थीको शिक्षण सिकाइ प्रक्रियाको सन्दर्भमा अधिकारी (२०६९) ले आफ्नो धारणा यसरी प्रस्तुत गरेका छन् :

> सामान्यतया विद्यालय प्रभावकारिताले विद्यालयको लक्ष्य प्राप्तिको तहलाई जनाउँछ। यसका साथै मुख्य विषयहरूमा औसत उपलब्धि प्राप्ताङ्क, विद्यालयको प्रभाव, विद्यालयको गुणस्तर, विद्यालयप्रति समुदायको उत्तरदायित्व, विद्यार्थी, अभिभावक तथा शिक्षकको सन्तुष्टि जस्ता पक्षहरू विद्यालय प्रभावकारिताअन्तर्गत पर्दछन्। विद्यालय प्रभावकारिता हासिल भए नभएको सुधार कार्यक्रमहरूको मूल्याङ्कन तथा

समुदायप्रतिको जवाफदेही वैज्ञानिक विधिको प्रयोग गरी लेखाजोखा गरेर थाहा पाउन सकिन्छ (पृ.७१-७२) ।


शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता शिक्षण सिकाइमा रहने हुँदा भाषिक सिपहरूको शिक्षण सिकाइ क्रियाकलाप पाठ्यक्रमअनुरूप प्रभावकारी ढङ्गमा हुनुपर्दछ । भाषाशिक्षणका सन्दर्भमा अधिकारी भन्छन् "भाषा विषयको शिक्षणको मुख्य ध्येय भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सिपहरूमा दक्षता प्राप्त गराई भाषाको ग्रहण र अभिव्यक्ति कलामा निपुणता हासिल गराउनुमा नै केन्द्रित हुन्छ" (शर्मा र पौडेल, २०७२, पृ.७) । विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल भए भएनन् भन्ने कुरालाई सिकाइको प्रभावकारिता मानिन्छ । माध्यमिक तहमा नेपाली भाषाशिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गरी भाषिक सिप र क्षमतालाई अद्यावधिक गर्ने क्षमताको विकास गर्नु हो । यसका लागि सिकाइ सबलता, सिकाइको स्तर र त्यसको कार्यान्वयनका रूपमा सिकाइ सक्षमतालाई विशिष्टीकरण गरी सिकाइ उपलब्धिका रूपमा राखिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७८, पृ.१४) । नेपाली भाषाको महत्त्व र बढ्दो भूमिकालाई दृष्टिगत गर्दा विद्यार्थीहरूमा सिकाइ सक्षमता अभिवृद्धि गर्नु तथा मौखिक र लिखित रूपमा यसको सम्प्रेषण क्षमताको विकास गर्दै व्यवहार कुशल सिपसँग जोड्ने कार्य गर्नुपर्दछ । यसका लागि विद्यार्थीमा मूलतः भाषिक सामर्थ्य र सम्पादनका रूपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास हुनुपर्ने हुन्छ (पाठ्यक्रम विकास केन्द्र, २०७१, पृ.२६) । भाषाशिक्षणका क्रममा पाठ्यक्रमले निर्धारण गरेका सक्षमताअनुसार विद्यार्थीमा अपेक्षित सिकाइ हासिल भयो भएन ? नेपाली विषय शिक्षण सिकाइको प्रभावकारितामा केकस्तो समस्या रहेका छन् र तिनको केकसरी समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा सरोकारवालाको दृष्टिकोण केकस्तो रहेको छ ? जस्ता प्रश्नहरूमा आधारित रही हाम्रो ज्ञानले भ्याएसम्म हाससम्म कुनै पनि अध्ययन अनुसन्धान यस विषयमा नपाइएकाले नेपाली भाषाशिक्षण सिकाइको प्रभावकारितामा केन्द्रित भएर यो अनुसन्धान लेख तयार पारिएको छ । तसर्थ माध्यमिक तह (कक्षा ९) को नेपाली विषय शिक्षण सिकाइको प्रभावकारिता पहिचान गरी सिकाइका दृष्टिले विश्लेषण गर्नु उद्देश्यले तयार परिएको प्रस्तुत लेख माध्यमिक तहमा नेपाली भाषा विषय शिक्षणलाई प्रभावकारी बनाई विद्यार्थीको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउन तथा पाठ्यक्रम, पाठ्यपुस्तक, अभ्यास पुस्तिका निर्माताका साथै यस किसिमको अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूका लागि समेत सहयोग पुग्ने हुनाले यस अनुसन्धानमूलक लेखको औचित्य र महत्व रहेको छ । Nunan (1991), Bodrova (1997), Scheerens (2000), Barry (2010),Subedi (2015 AD), Gupta & Verma (2021),Munna & Kalam (2021), पौडेल (२०७२) र (पाठ्यक्रम विकास केन्द्र, २०७८) ले गरेका अध्ययनलाई सिकाइको प्रभावकारिताको सैद्धान्तिक आधार मानिएको

छ । Subedi (2015 AD) ले सिकाइलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा शिक्षक तालिमले विद्यार्थी-शिक्षक सम्बन्धलाई मजबुत बनाउनुका साथै विद्यार्थीलाई सिकाइमा संलग्न गराउन र शिक्षकले धेरै परियोजना कार्य गर्न सिकाउन सहयोग पुग्ने निष्कर्ष निकालेका छन् । शर्मा र पौडेल (२०७२) का अनुसार विद्यार्थीहरू जति शिक्षण सिकाइ प्रक्रियामा सक्रियरूपमा सहभागी भएर कार्य गर्छन् त्यति सिकाइले सकारात्मक गति र उपलब्धि हासिल गर्नेहुँदा भाषाशिक्षण गर्दा विद्यार्थीहरूलाई बढीभन्दा बढी सहभागी बनाएर शिक्षण कार्य सञ्चालन गर्नुपर्ने निष्कर्ष निकालेका छन् । Scheerens (2000) ले प्रभावकारी विद्यालयलाई एउटा असल विद्यालय, कार्यसम्पादनमा फरक विद्यालय, विद्यार्थी क्षमता र सामाजिक-आर्थिक अवस्था, मूल्यहरूको निर्धारण, विद्यार्थीको उपलब्धिमा विद्यालयको प्रभाव निर्धारण भएको जस्तैः विद्यालय 'बि' भन्दा विद्यालय 'ए' किन राम्रो छ जस्ता आयामहरूको रूपमा परिभाषित गरेका छन् । Barry (2010) ले शिक्षणको प्रभावकारिताका सन्दर्भमा विषयवस्तुको गहन बुझाइ, सिकाइ सिद्धान्त र विद्यार्थी विविधता, योजना, शैक्षणिक रणनीति, निरन्तर विद्यार्थी मूल्याङ्कन, सिकाइ उपलब्धिजस्ता पक्षमा जोड दिएका छन् । Gupta & Verma (2021) का अनुसार शिक्षण गर्ने शिक्षकले विद्यार्थीहरूका व्यवहारमा चाहेको परिणाम ल्याउन सफल हुने क्षमतालाई शिक्षण प्रभावकारिता मानेका छन् । माथि उल्लिखित पूर्वकार्यहरूको सैद्धान्तिक पर्याधारका आधारमा माध्यमिक तहको नेपाली विषय शिक्षण सिकाइको प्रभावकारिताका लागि विद्यार्थीको सक्रिय सहभागिताले अपेक्षित सिप आर्जन गर्नुका साथै प्राप्त सिपलाई चिरस्थायी र दीर्घकालीन बनाउँछ । यसका लागि बालमैत्री वातावरण, समावेशिता, राम्रो कक्षा व्यवस्थापन, विद्यार्थीहरूको रुचि र विविधताको ज्ञान ख्याल गर्दै शिक्षकले आफ्नो क्षमताको प्रदर्शन गर्दै शिक्षक-विद्यार्थी निरन्तर अन्तरक्रिया र छलफल, विद्यार्थी विद्यार्थीबिच सहकार्य, पुरस्कार तथा उत्प्रेरणा प्रदान गर्नुका साथै विद्यार्थी प्रगतिको अनुगमन गरी कक्षाकोठाको वातावरण तथा शिक्षकको निरन्तर पेशागत विकासमा जोड दिनुपर्ने देखिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख गुणात्मक ढाँचामा तयार पारिएको छ । यो लेख तयार पार्नका लागि आवश्यक सामग्रीहरू क्षेत्रीय अनुसन्धान विधिका माध्यमबाट सङ्कलन गरिएको छ । यसका लागि काठमाडौँ जिल्लामा रहेका दुईओटा सामुदायिक र दुईओटा संस्थागत विद्यालयहरू छनोट गरिएको छ । ती विद्यालयका कक्षा नौमा अध्ययनरत पाँचपाँच जना गरी जम्मा बिस जना विद्यार्थीहरू र प्रत्येक विद्यालयका एकएक जना नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूलाई उद्देश्यमूलक विधिबाट छनोट गरी अन्तर्वार्ता-प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई उपयुक्त शीर्षकमा वर्गीकरण गरी थिमेटिक रूपमा

विश्लेषण गरिएको छ। माध्यमिक तहको नेपाली विषय शिक्षण सिकाइ प्रभावकारी भए नभएको अध्ययन गर्न निम्नानुसारको चित्रात्मक अवधारणात्मक ढाँचामा प्रस्तुत गरिएको छ :




## परिणाम र विमर्श

भाषाशिक्षण भनेको शिक्षणको एउटा महत्वपूर्ण पक्ष हो। पढाइ र बुझाइको विकासविना कुनै पनि सिकारुले भाषिक सिप अभिवृद्धि गर्न सक्दैन। यसका साथै ज्ञानविज्ञानका विभिन्न क्षेत्रमाथि उसको पकड स्वतः कम हुन्छ। यसरी सिकारुले भाषिक सिप अभिवृद्धि गर्न र ज्ञानविज्ञानका विभिन्न क्षेत्रमाथि पकड जमाउनका लागि गरिने शैक्षिक क्रियाकलाप नै शिक्षण हो। शिक्षणले सिकारुको अभिव्यक्ति क्षमता अभिवृद्धि गर्नुका साथै उसमा सिर्जनात्मक क्षमताको पनि विकास गर्दछ। शिक्षणलाई विभिन्न तत्वहरूले प्रभावित पारेको हुन्छ। ती तत्वहरूका कारण सिकाइमा समस्या पैदा हुन्छ। सिकाइमा देखिने त्यस्ता समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने ध्येयले यो अनुसन्धानमूलक लेख तयार पारिएको छ। सिकाइ भन्नाले यहाँ भाषा सिकाइलाई बुझ्नु पर्दछ। भाषा सिकाइ भनेको भाषिक सिपको सिकाइ हो र सिकाइ भनेको बुझ्नु वा बोध हो। बोध हुनका लागि शिक्षणमा विद्यार्थीहरूको सहभागिता हुनुपर्दछ। यसको लागि सहभागितामूलक पाठ्यक्रम निर्माण हुनु जरुरी हुन्छ। सहभागितामूलक पाठ्यक्रम ढाँचाले अर्थपूर्ण रूपमा पाठ्यक्रम योजना, कार्यान्वयन र

मूल्याङ्कनमा विभिन्न पक्षहरूको आवश्यकतालाई सम्बोधन गर्नेगरी संरचनात्मक ढाँचा निर्माणमा जोड दिन्छ (टाइलर, सन् २०००) । भाषाभित्र सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार ओटा सिपहरू आबद्ध हुन्छन् । यी सिपहरू आदानात्मक र प्रदानात्मक हुन् । आदानात्मक सिपभित्र सुनाइ र पढाइ पर्दछन् भने प्रदानात्मक सिपभित्र बोलाइ र लेखाइ सिप पर्दछन् । आदानात्मक सिपलाई बोध र प्रदानात्मक सिपलाई अभिव्यक्ति सिप भनिन्छ । सिकारुले कुनै कुरा बुझिसकेपछि त्यसलाई अरूसामु प्रस्तुत गर्नु अभिव्यक्ति हो । भाषाशिक्षणमा यी कुरा महत्त्वपूर्ण मानिन्छ । सिकाइ एउटा मानसिक प्रक्रिया हो । बालक जन्मेपछि ऊ जन्मेको वातावरणबाट सिकाइको प्रक्रिया प्रारम्भ हुन्छ र क्रमशः भाषिक अभिव्यक्तिसँग आबद्ध हुँदै विकसित हुन थाल्छ । पठनपाठनमा सिकाइ अतिआवश्यक मानिन्छ । केही कुरा सिक्न वा सिकाउन पठनपाठन क्रियाकलाप सञ्चालन गरिन्छ । यही सिकाइले ज्ञानविज्ञानका विभिन्न क्षेत्रसँग सम्बन्धित विषयवस्तुलाई ग्रहण गर्न मद्दत गर्दछ । कुनै लिखित सामग्री पढेर वा कसैको मौखिक विषयवस्तु सुनेर सिकारुले भाषिक सिप अभिवृद्धि गर्न र ज्ञानविज्ञानका कुरा थाहापाउन तथा सिर्जनात्मक क्षमताको विकास गर्न पठनपाठनको आवश्यकता पर्दछ । सिकाइ भनेको मौखिक र लिखित (ध्वन्यात्मक र लिपिबद्ध) सामग्रीमा अभिव्यक्त कुराको बोद्धामा सन्देश सञ्चारित हुनु हो । माध्यमिक तहको पाठ्यक्रम २०७८ को कार्यान्वयन मा.वि. तहमै अध्ययन गर्ने विद्यार्थीमा गरिने र त्यसका लागि सोही पाठ्यक्रममा आधारित भएर पाठ्यपुस्तक तयार पारिनेहुँदा त्यो पाठ्यपुस्तकमार्फत गरिने सिकाइको प्रभावकारिताका बारेमा सरोकारवाला विद्यार्थी र शिक्षकहरूसँग अन्तर्वार्ता- प्रश्नावलीमार्फत उनीहरूको राय सङ्कलन गरी तिनै रायको वर्णनात्मक विधिद्वारा विश्लेषण गरी नतिजा निकालिएको छ ।

## विद्यार्थीको मत : सक्रिय सिकाइमा भाषाको प्रभाव

नेपाली भाषाशिक्षण सिकाइका सन्दर्भमा सक्रिय सहभागिताले भाषा सिकाइमा केकस्तो प्रभाव पर्दछ भन्ने बारेमा विद्यार्थीबाट लिइएको मतलाई हेर्दा शिक्षण सिकाइलाई प्रभावकारी बनाउँदै व्यक्तिको आत्मबल र तर्कशक्तिको विकास गरी सिकाइलाई चिरस्थायी र दीर्घकालीन बनाउने धारणा व्यक्त गरेको पाइयो । त्यसैगरी सूचकबाट भाषाशिक्षण सिकाइलाई प्रभावकारी बनाउँदै लक्षित लक्ष्य पूरा गर्न सघाउ पुऱ्याउने, शिक्षण सिकाइलाई रुचिमूलक बनाउँदै ज्ञान आर्जन गरी सकारात्मक प्रभाव पार्ने, धारणा समेत व्यक्त गरेको देखियो । सिकाइमा सहभागिता सबैभन्दा बढी कुन विषयमा हुने गर्दछ भनी विद्यार्थीलाई थप सोधिएका प्रश्नमा नेपाली विषयको कविता, नाटक, जीवनी विधामा लयात्मक र श्रुतिमधुर हुनेहुँदा बढी सहभागिता हुने धारणा व्यक्त गरेको पाइयो । यो धारणा भिगोत्सीको सामाजिक संरचनावादसँग सम्बन्धित छ । किनभने उनले आफ्नो सिद्धान्तमा उत्कृष्ट सिकाइ हुनका लागि सिकारुमा भाषिक क्षमता राम्रो हुनुपर्ने कुरा उल्लेख गरेका छन् (Bodrova, 1997) । यसबाट के निष्कर्षमा पुग्न

सकिन्छ भने सक्रिय शिक्षण सिकाइको पहिलो सर्त  भाषिक क्षमताको विकास हो जुन विद्यालयका तल्लो तहदेखि नै प्रभावकारी तरिकाबाट शिक्षण गर्नु आवश्यक छ ।

## सक्रिय सिकाइमा समय व्यवस्थापन र विद्यार्थीको ग्रहणक्षमता

भाषा सिकाइमा विशेष गरी कसको सहभागितालाई बढी प्राथमिकता दिइन्छ र किन ? भन्ने बारेमा विद्यार्थी सूचकबाट लिइएका अभिमतलाई हेर्दा विद्यालयका विद्यार्थीले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षक र विद्यार्थी दुबैको सक्रिय सहभागिता अपरिहार्य छ भन्ने धारणा व्यक्त गरेका छन् । त्यसैगरी सूचकबाटै विद्यार्थीको सहभागितालाई जोड दिँदै भाषाशिक्षण सिकाइलाई चिरस्थायी र दीर्घकालीन बनाउन विषय शिक्षक र विद्यार्थी दुबैको समान सहभागिता हुनु आवश्यक पर्दछ भन्ने मत प्राप्त भएको छ। जुन मत मुन्ना र कलामसँग सम्बन्धित छ । किनभने उनीहरूले समय र ग्रहणक्षमता एकअर्कामा सम्बन्धित हुने हुँदा समय व्यवस्थापन र विद्यार्थीको ग्रहणक्षमताले पनि प्रभावकारी सिकाइमा प्रभाव पार्दछ भन्ने कुरा बताएका छन् (Munna & Kalam (2021) । यसरी भाषाशिक्षण सिकाइलाई प्रभावकारी बनाई सिकाइलाई चिरस्थायी र दीर्घकालीन बनाउन विद्यार्थी र विषय शिक्षक दुबैको समान सहभागिता हुनुपर्दछ ।

## सक्रिय सिकाइमा रुचिका क्षेत्रहरू

विद्यार्थीले भाषा सिकाइको कुन कुन पक्षमा सक्रिय सहभागिता जनाउन सक्छन् ? भनी सोधिएको प्रश्नको उत्तरमा सूचकहरूले प्रयोगात्मक क्षेत्र, छलफल, अन्तर्क्रिया, मनोरञ्जनमूलक कार्य, भाषिक खेल, संवाद, वादविवाद, हाजिरी जवाफ, वक्तृत्वकला, चित्रकला, हास्यव्यङ्ग्य चुटकिला, गृहकार्य जस्ता पक्षमा बढी रुचि हुने धारणा व्यक्त गरेका छन्। यो धारणा मुन्ना र कलामसँग सम्बन्धित छ। किनभने उनीहरूले स्मार्टबोर्ड, खेलसामग्रीले सिर्जनात्मक सिकाइलाई अभिप्रेरित गर्दछन् र जतिजति कक्षा अन्तरक्रियात्मक बन्छ, त्यति नै सिकाइ प्रभावकारी बन्दै जान्छ भन्ने कुरालाई जोड दिएका छन् (Munna & Kalam (2021) । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने प्रभावकारी शिक्षणका लागि भाषिक खेल, अन्तरक्रियात्मक शिक्षणविधि, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापसमेतले भाषाशिक्षण सिकाइमा सहयोग पुग्ने देखिन्छ ।

## सक्रिय तथा निक्रिय सिकाइको तुलनात्मक प्रभावकारिता

कक्षामा विद्यार्थीको सक्रिय र निष्क्रिय सहभागिताले सिकाइमा के कस्तो प्रभाव पर्दछ ? भनी थप सोधिएको प्रश्नमा कक्षामा सक्रिय विद्यार्थीको सिकाइ प्रभावकारी हुनुका साथै व्यावहारिक ज्ञान, सिप हासिल गर्ने तर निष्क्रिय विद्यार्थीको सिकाइ दीर्घकालीन नहुनुका साथै व्यावहारिक ज्ञान, सिप हासिल गर्नबाट वञ्चित हुने विचार व्यक्त गरेका छन् । त्यसैगरी सक्रिय

सहभागिताले व्यक्तित्व विकास तथा सिकाइ दीर्घकालीन हुने र निष्क्रियको सिकाइको गति ढिलो र अल्पकालीन हुन्छभन्ने मत जाहेर गरेकाछन्। यो धारणा मुन्ना र कलामसँग सम्बन्धित छ । किनभने उनीहरूले जतिजति कक्षा अन्तरक्रियात्मक बन्छ, त्यति नै सिकाइ प्रभावकारी बन्दै जान्छ र सक्रियताले अध्ययनशील विद्यार्थीहरू उत्प्रेरित र समाहित हुन्छन् भन्ने कुरा उल्लेख गरेका छन् (Munna & Kalam (2021) । यसरी शिक्षकले विद्यार्थीहरूका व्यवहारमा चाहेको परिणाम ल्याउन विद्यार्थीलाई हतोत्साही नगरी सक्रिय हुन उत्प्रेरणा जगाई शिक्षण गर्नुपर्ने आवश्यक छ ।

## शिक्षकहरूको मत : भाषासिकाइमा विद्यार्थी सहभागिता

नेपाली भाषाशिक्षणमा सिकाइलाई प्रभावकारी बनाउन कक्षा सहभागिता किन आवश्यक छ भनी विषय शिक्षक सूचकहरूबाट धारणा बुझ्न खोज्दा कक्षा सहभागिता विना शिक्षण प्रभावकारी नहुने भएकाले सिकाइलाई नै सक्रिय बनाउन श्रव्य, दृश्य, श्रव्यदृश्य, पाठ्य र सन्दर्भसामग्रीको प्रयोग गरी विद्यार्थी केन्द्रित विधि प्रयोग गरेर शिक्षणलाई दीर्घकालीन र चिरस्थायी बनाउन कक्षा सहभागिता आवश्यक छ भन्ने धारणा प्राप्त भयो । भाषाका बोध र अभिव्यक्ति पक्षमा विद्यार्थीलाई सबल बनाउन विषयवस्तुलाई शिक्षकको प्रभावकारी मौखिक सञ्चारद्वारा विद्यार्थीसामु पुऱ्याउँदा शिक्षणीय विषयवस्तु आकर्षित भई बोधात्मक पक्षलाई बलियो बनाउनुका साथै आकर्षित विषयवस्तुले अप्ठ्यारा विषयवस्तु पनि सहजै ग्रहण गर्न सकिने, विद्यार्थीमा आत्मबल बलियो हुनुका साथै तार्किक शक्तिको पनि विकास हुनेहुँदा त्यसका लागि कक्षा सहभागिता हुनु आवश्यक हुन्छ भन्ने मत पाइयो । यो धारणा मुन्ना र कलामसँग सम्बन्धित छ । किनभने उनीहरूले शिक्षकले विद्यार्थीले किन सिकिरहेको छैन, सिक्न नसक्नुका कारक तत्त्वहरू केके हुन् बुझेर उसको के चाहना छ परीक्षा लिएर उत्प्रेरणा जगाई उसमा सकारात्मक उर्जा निकाल्न उत्प्रेरणा जगाउनु पर्ने कुरा उल्लेख गरेका छन् (Munna & Kalam (2021) । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने विद्यार्थी सहभागिता बढाउनको लागि शिक्षकको प्रभावकारी मौखिक सञ्चारद्वारा विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी उत्प्रेरणा जगाउनु आवश्यक छ ।

त्यसैगरी नेपाली भाषाशिक्षण सिकाइका सन्दर्भमा भाषा सिकाइ भनेको के हो भनी थप सोधिएको प्रश्नमा सबै शिक्षकहरूबाट भाषा सिकाइ भनेको भाषाका चार ओटा सिपहरूको सिकाइ वा बोध हो भन्ने एकै मत प्राप्त भएका छन् । त्यसैगरी नेपाली भाषा सिकाइ किन आवश्यक छ भनी लिइएको अभिमतमा नेपाली भाषा शिक्षाको माध्यम भाषा, सरकारी कामकाजको भाषा र आमसञ्चारको भाषा भएको र विभिन्न स्थानीय संस्कृति, सामाजिक जीवनपद्धति र विभिन्न भाषाभाषी मिलेर बनेको नेपालको वस्तुस्थिति र विराट् नेपाली संस्कृति ग्रहण गर्ने बौद्धिक वर्ग तयार गर्न नेपाली विषयको पठनपाठन हुनु जरुरी रहेको

धारणा पाइएको छ । त्यसका लागि माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) २०७८ मा नेपाली विषयको अध्ययनपश्चात् विद्यार्थीले देखेका, सुनेका, पढेका, सिकेका र अनुभव गरेका विषयवस्तु, कुनै घटना, चरित्र, परिवेश, सामाजिक, सांस्कृतिक विषयवस्तु आदिको बोध गरी मौखिक र लिखित अभिव्यक्ति दिन, खोज र परियोजना प्रस्तुत गरी भाषिक क्षमता विकास गर्न, प्रयोजन र परिवेशअनुसार भाषाको प्रयोग, अन्तरभाषिक र सांस्कृतिक मूल्यप्रति सचेततापूर्ण भाषिक व्यवहार प्रदर्शनजस्ता पक्षको ज्ञान हासिल गर्नुपर्ने तहगत सक्षमताको उल्लेख गरेको छ । यसका साथै ज्ञानार्जनको सबल अभिव्यक्ति क्षमता दिलाउन र राष्ट्रिय प्रकृतिको जीविकोपार्जनका निम्ति अँगालिएका सरकारी वा गैरसरकारी सेवा र व्यक्तिगत पेसाका निम्ति त्यस बौद्धिक वर्गलाई भाषिक सामर्थ्यको कमजोरीबाट पैदा हुने अवरोध हटाएर उच्च पद वा ओहोदामा पुग्ने उत्तरोत्तर बाटो खुला गर्न पनि नेपाली भाषाको सिकाइ आवश्यकता रहेको कुरा व्यक्त गरेका छन् । विषय शिक्षक सूचकहरूका यी मत सिहेरेन्सको धारणासँग सम्बन्धित छ । किनभने उनले आफ्नो सिद्धान्तमा प्रभावकारी शिक्षण सिकाइलाई एउटा अशल विद्यालय, कार्यसम्पादनमा फरक विद्यालय, विद्यार्थी क्षमता र सामाजिक-आर्थिक अवस्था, मूल्यहरूको निर्धारण, विद्यार्थीको उपलब्धिमा विद्यालयको प्रभाव जस्ता आयामहरूको रूपमा उल्लेख गरेका छन् (Scheerens, 2000) । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने मौखिक र लिखित अभिव्यक्ति दिन, नेपाली संस्कृतिसम्बन्धी ज्ञानार्जन गर्नका साथै सबल मौखिक र लिखित अभिव्यक्ति क्षमता विकासका लागि नेपाली भाषा सिकाइको आवश्यकता रहेको छ ।

### विद्यार्थी सक्रियतामा शिक्षणविधि

नेपाली भाषा सिकाइमा उपयुक्त विधिको छनोट नहुँदा केकस्तो प्रभाव पर्दछ भन्ने प्रश्नका सन्दर्भमा उपयुक्त शिक्षणविधिको छनोट नभएमा र शिक्षक तालिम प्राप्त नभएमा सिकाइ प्रभावकारी नभई निष्प्रभावी हुनुका साथै शिक्षणका उद्देश्यहरू पूरा हुँदैनन् भन्ने समान धारणा सूचकहरूका रहेका छन् । कक्षा सहभागिताले विद्यार्थीको कुनकुन प्रकारको भाषिक सिपको विकास गर्दछ भन्ने सन्दर्भमा सबै सूचकहरूले सुनाइ र बोलाइ (बोध र अभिव्यक्ति) दुबै क्षमताको सँगसँगै विकास हुन्छ भन्ने अभिमत प्रकट गरेका छन् । भाषा सिकाइका क्षेत्र केके हुन सक्छन् भन्ने सन्दर्भमा उनीहरूले अन्तरक्रिया र छलफलका क्षेत्र हुन सक्छन् भन्ने विचार प्रकट गरेका छन् । विद्यार्थीले भाषा सिकाइको कुन कुन पक्षमा बढी सहभागिता जनाउने गर्दछन् भन्ने प्रश्नमा सूचकहरूबाट अन्तरक्रिया, छलफल, अभिनय, लय जस्ता पक्षमा बढी सहभागिता जनाउने विचार व्यक्त गरेका छन् । कक्षामा नियमित उपस्थित र अनुपस्थित विद्यार्थीमा कक्षा सहभागिताले के कस्तो प्रभाव पार्दछ भन्ने सन्दर्भमा उपस्थित विद्यार्थीको तुलनामा अनुपस्थित विद्यार्थीको सिकाइ उत्कृष्ट हुँदैन भन्ने अभिमत सूचकहरूले दिएका

छन् । कक्षामा विद्यार्थीको सक्रिय र नष्क्रिय सहभागिताले सिकाइमा केकस्तो प्रभाव पर्दछ ? भन्ने प्रश्नको सन्दर्भमा सक्रिय सहभागिताले भाषिक सिपको विकास गर्नुका साथै ती पाठबाट प्राप्त गर्न सकिने शिक्षाका बारेमा समेत जानकारी प्राप्त हुने तथा भाषाको ज्योति छर्दिैं सिकाइमा राम्रो प्रभाव पर्नका साथै भाषासम्बन्धी विभिन्न जानकारीको ज्ञान हासिल गर्न सघाउ पुग्छ भन्ने अभिमत प्राप्त भयो भने नष्क्रिय सहभागिताले सो कुरा प्राप्त गर्न नसकिने विचार प्राप्त भएको छ । सहभागीका यी विचार मुन्ना र कलामसँग सम्बन्धित रहेका छन् । किनभने उनीहरूले आफ्नो सिद्धान्तमा अन्तरक्रियात्मक शिक्षणविधि, दृश्यात्मक सामग्री जस्तै चार्ट, ग्राफ, न्युजपेपर, स्मार्टबोर्ड, खेलसामग्रीले सिर्जनात्मक सिकाइलाई अभिप्रेरित गर्नुका साथै अन्तर्क्रियात्मक बन्छ भन्ने कुरा उल्लेख गरेका छन् (Munna & Kalam (2021) । यसरी के निष्कर्षमा पुग्न सकिन्छ भने भाषा सिकाइ क्रियाकलापमा आधुनिक प्रविधिसँग जोड्दै श्रव्यदृश्य सामग्रीका माध्यमबाट विद्यार्थीहरूका भाषा सिकाइमा थप अभिवृद्धि गर्न सहयोग पुग्ने देखिन्छ । यसैगरी नेपाली भाषा सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता नहुनुको कारण के हो ? भनी थप सोधिएको प्रश्नको उत्तरमा विषयवस्तुलाई शिक्षकले प्रभावकारी ढङ्गमा प्रस्तुत नगर्नु, सिकाइलाई मूर्त र दीर्घायु बनाउने शैक्षिक सामग्री प्रयोगको अभाव जस्ता कुराले विद्यार्थी सिकाइप्रति आकर्षित हुनुको सट्टा विकर्षित हुनु, जसले गर्दा सजिलै ग्रहण गर्न सकिने विषयवस्तु पनि अप्ठ्यारो हुन गई विद्यार्थीमा आत्मबल कमजोर हुनु जस्ता कारणले सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता नभएको दृष्टिकोण प्राप्त भएको छ । यो धारणा पनि मुन्ना र कलामसँग सम्बन्धित छ । किनभने उनीहरूले आफ्नो सिद्धान्तमा विद्यार्थीले किन सिकिरहेको छैन, उसको चाहना के छ, सिक्न नसक्नुका कारक तत्त्वहरू के के हुन् बुझेर विद्यार्थीलाई हतोत्साही नगरी प्रोत्साहित गर्नुपर्दछ भन्ने कुरा उल्लेख गरेका छन् (Munna & Kalam (2021) । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने शैक्षिक सामग्रीको साथसाथै भाषाशिक्षण सिकाइका चारै सिपलाई एकीकृतरूपमा व्यवहार उपयोगी हुने गरी शिक्षण गर्न सकेमा नेपाली भाषा सिकाइप्रतिको विद्यार्थीहरूको अभिरुचि अभिवृद्धि गरी उनीहरूलाई सक्रियरूपमा सहभागी गराउन सकिन्छ ।

नेपाली भाषा सिकाइको कक्षाकोठाभित्र विद्यार्थीलाई के कसरी जागरुक बनाउन सकिन्छ ? भनी शिक्षकहरूसँग लिइएको अभिमतमा भाषिक खेल, अन्तर्क्रिया, छलफल, परामर्श तथा शिक्षणमा आधुनिक प्रविधिको प्रयोग गरी शिक्षकले आफ्नो शिक्षणकलालाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्नु पर्दछ भन्ने मत प्राप्त भएको छ । त्यसैगरी सबै विद्यार्थीलाई समानरूपमा सहभागी हुने अवसर दिनु, उचित शैक्षिक सामग्रीको प्रयोग गर्नु, विद्यार्थीबिच छलफल गरी निष्कर्ष निकाल्न लगाई उनीहरूलाई जागरुक बनाउन सकिने धारणा पाइएको छ । यसैगरी विद्यार्थीहरूलाई आआफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नु, शिक्षक-विद्यार्थी

अन्तर्क्रियाको वातावरण सिर्जना गर्नु, कक्षा शिक्षणपश्चात् प्रश्नोत्तर गरी आवश्यक पृष्ठपोषण प्रदान गरेको खण्डमा विद्यार्थीहरूलाई जागरुक बनाउन सकिने निष्कर्षमा पुगिएको छ। त्यसैगरी नेपाली भाषा सिकाइमा कक्षा सहभागितालाई अपेक्षाकृत बनाउन के के गर्नुपर्ला ? भनी सोधिएको प्रश्नमा शिक्षकहरूले आफ्नो दायित्वप्रति कर्तव्यनिष्ठ भई सकारात्मक सोचका साथ विद्यार्थी केन्द्रित शिक्षणविधिको उपयोग गरी विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागी गर्न सकिने कुरा बताएका छन्। शिक्षकले सुपरिवेक्षण र अनुगमन गरी भाषा सिकाइमा कक्षा सहभागितालाई अपेक्षाकृत बनाउन सकिन्छ भन्ने धारणा दिएका छन्। यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने भाषाशिक्षण सिकाइ क्रियाकलापमा शिक्षक र विद्यार्थी दुबै सक्रियरूपमा सहभागी भए मात्र भाषाशिक्षणका क्रियाकलापको समस्याको प्रभावकारी र उद्देश्यमूलक रूपमा समाधान गर्न सकिन्छ।

## निष्कर्ष

प्रस्तुत अध्ययनको निष्कर्षका रूपमा भाषाशिक्षणको प्रभावकारिता अभिवृद्धि गर्न विद्यालयका तल्लो तहदेखि नै प्रभावकारी तरिकाबाट शिक्षण गर्नु पर्दछ। भाषाशिक्षण सिकाइलाई प्रभावकारी बनाई सिकाइलाई चिरस्थायी र दीर्घकालीन बनाउन विद्यार्थी र विषय शिक्षक दुबैको सक्रिय सहभागिता हुन आवश्यक छ। यस प्रक्रियाबाट शिक्षण सिकाइलाई प्रभावकारी बनाउन भाषिक खेल, अन्तरक्रियात्मक शिक्षणविधि, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापसमेतको माध्यमबाट विद्यार्थीको भाषिक सिप तथा कलामा अभिवृद्धि गर्न सकिन्छ। यसका लागि अन्तरक्रियात्मक शिक्षणविधि, दृश्यात्मक सामग्री जस्तै चार्ट, ग्राफ, न्युजपेपर, स्मार्टबोर्डको माध्यमबाट भाषिक सिपलाई सिर्जनात्मक रूपमा प्रयोग गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ। शिक्षण सिकाइलाई सकारात्मक र प्रभावकारी रूपमा अगाडि बढाउन तथा विद्यार्थीलाई अभिप्रेरित गरी उनीहरूका बानी व्यवहारमा सकारात्मक रूपमा परिवर्तन ल्याउन श्रव्यदृश्य सामग्रीले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ। यसैगरी शिक्षकहरूको अभिमत हेर्दा विद्यार्थी सहभागिता बढाउन आधुनिक प्रविधिमैत्री शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ। नेपाली भाषाको प्रभावकारितामा अभिवृद्धि गर्न पाठ्यक्रम पाठ्यपुस्तक मात्र प्रयोग नगरी वर्तमान अवस्थामा विद्यार्थीलाई अनुकूल हुने गरी उनीहरूका रुचिका विषयसमेत समावेश गरी भाषाशिक्षण गर्न सके विद्यार्थीमा भाषिक कौशल र सिपको विकासमा अझ बढी अभिवृद्धि गर्न सकिन्छ। यसका लागि मौखिक र लिखित अभिव्यक्ति दिन, नेपाली संस्कृतिसम्बन्धी ज्ञानार्जन गर्नका साथै सबल मौखिक र लिखित अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्न नेपाली भाषासिकाइको आवश्यक छ।यसको निष्कर्षमा भन्नु पर्दा भाषा सिकाइ क्रियाकलापमा आधुनिक प्रविधिसँग जोड्दै श्रव्यदृश्य सामग्रीका माध्यमबाट शिक्षण गर्न सके मात्र विद्यार्थीको भाषा सिकाइमा थप

अभिवृद्धि गर्न सकिन्छ । समग्र रूपमा हेर्दा शैक्षिक सामग्रीका साथसाथै भाषाशिक्षण सिकाइका चारै सिपलाई एकीकृतरूपमा व्यवहार उपयोगी हुने गरी शिक्षण गर्न सकेमात्र नेपाली भाषा सिकाइप्रतिको विद्यार्थीहरूको रुचि अभिवृद्धि भई भाषाशिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीलाई सक्रियरूपमा सहभागी गराउन सकिन्छ । भाषाशिक्षणमा शिक्षक र विद्यार्थी दुबै सक्रियरूपमा सहभागी भए मात्र नेपाली भाषाशिक्षणका क्रियाकलापलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन सकिन्छ ।

## सन्दर्भसूची


पाठ्यक्रम विकास केन्द्र (२०७१). *माध्यमिक शिक्षा पाठ्यक्रम, कक्षा ९-१०, भाग १,* सानोठिमी. पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७८). *माध्यमिक शिक्षा पाठ्यक्रम, कक्षा ९-१०, भाग १,* सानोठिमी. पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२). *नेपाली भाषा र साहित्य शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, नारायणप्रसाद (२०६९), शैक्षिक प्रशासन र सुपरिपेक्षण, कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

Bain, H., Lintz, N., and Word, E. (1989).*A study of fifty effective teachers whose class average gain scores ranked in the top 15% of each of four school types in project star.* Paper presented at AERA annual meeting, San Francisco.

Barry, Robert A. (2010). *Teacher effectiveness and why it matters.USA : Marylhurst University.*

Bodrova, E.(1997). Key concepts of Vygotsky's theory of learning and development.*Journal of Early Childhood Teacher Education*, 18(2), 16-22.

Denzin, N. K., & Lincoln, Y. S. (Eds.).(2011). *The Sage handbook of qualitative research*.new delhi sage.

Gupta, Madhu &Verma, Gunjan (2021). Teaching effectiveness of school teachers; Theoretical perspective. *International Journal Creative Thoughts*, *9(10),* 172-179//www.researchgate.net/publication/357449617

Munna, A. S. & Kalam, M. A. (2021). Teaching and learning process to enhance teaching effectiveness: a literature review. *International Journal of Humanities and Innovation (IJHI), 4(1)*, 1-4.

Nunan, D. (1991). *Syllabus design*.Oxford : Oxford University Press.

Scheerens, J. (2000). *Improving school effectiveness.*Paris : IIEP/UNESCO.

Subedi, Bhawani Shankar (2015 AD). Assening the effectiveness of teacher traning programs to improve the quality of school education in Nepal. *Journal of Training and Development.1* (1) 9-14.

Taylor, P. (2000). Improving forestry education through participatory curriculum development: A case study from Vietnam. *The Journal of agricultural education and extension*, *7*(2), 93-104.